**प्रस्ताव तथा निर्णयहरु :**

१) माडी बहुउद्देश्यिय स्रोत केन्द्रको अपनत्व ग्रहण र संचालन सम्बन्धमा
प्रस्ताव नं १ माथि छलफल गर्दा सहयोगी संस्था, एफ्पान नेपाल द्धारा संचालित वडा नं ६ स्थित माडी बहुउद्देश्यिय स्रोत केन्द्रलाई चल अचल सम्पत्ति सहित माडी नगरपालिकामा हस्तान्तरण गर्ने उक्त संस्थाको निर्णय भए बमोजिम सो संस्थाको सम्पूर्ण जिम्मेवारीको अपनत्व ग्रहण गर्ने निर्णय गरियो ।

२) बघौडा अस्पताल र स्रोत केन्द्र कर्मचारी नियुक्तीको अनुमोदन सम्बन्धमा
बघौडा अस्पतालमा अपरेशन सेवा संचालन सहयोगका लागि विज्ञापन गरिएकोमा नियुक्त हुनुभएकी स्टाफ नर्स डिलमाया गुरुङ्गको करार नियुक्ती अनुमोदन गरियो । साथै माडी बहुउद्देश्यिय स्रोत केन्द्र संचालनका लागि सहयोगी संस्थासँग गरिएको सम्झौता अनुसार सो संस्थामा सेवा पुऱ्याउँदै आउनु भएका अ.हे.व. टेक नारायण पाठकलाई अ.हे.व कै रुपमा यस माडी नगरपालिकाले करार सम्झौता गरि सेवा निरन्तरता दिने निर्णय गरियो ।

३) कल्याणपुर स्वास्थ्य चौकी भवन निर्माणका लागि जग्गा नामसारी सम्बन्धमा
कल्याणपुर स्वास्थ्य चौकीको भवन निर्माणका लागि न्यूनतम ५ कठ्ठा जग्गा आवश्यक भएकोले माडी नगरपालिका वडा नं ६ स्याउलीवास स्थित दोभान रेशम कृषक विकास समितिको स्वामित्वमा रहेको ६ कठ्ठा जग्गा मध्ये ५ कठ्ठा जग्गा स्वास्थ्य समितिलाई दिन सो समिति तयार रहेको हुँदा नामसारीको प्रक्रिया अगाडी बढाउन वडा नं ६ का वडा अध्यक्ष भरतबहादुर गुरुङ्गलाई अख्तियारी दिने निर्णय गरियो ।

४) जटिल तथा दिर्घरोग बिरामी उपचार सहुलियत तथा सहयोग संचालन कार्यविधि तयार गर्न समिति गठन गर्ने सम्बन्धमा
माडी नगरपालिकाले जटिल तथा दिर्घरोग बिरामी उपचार सहुलियत तथा सहयोग संचालनका लागि कार्यविधि निर्माण गर्न तपशिलका सदस्यहरु रहने गरि कार्यविधिको मस्यौदा तयार समिति गठन गरियो ।

प्रमुख प्रशासकीय अधिकृत - संयोजक
सामाजिक विकास समिति संयोजक - सदस्य
बघौडा अस्पताल मेसु - सदस्य
स्वास्थ्य संयोजक - सदस्य
सूचना प्रविधि अधिकृत - सदस्य

५) नमुना छात्रावास संचालन कार्यविधि तयार गर्न समिति गठन गर्ने सम्बन्धमा
माडी नगरपालिकाले वडा नं ६ मा नमुना छात्रावास संचालन गर्न र त्यसको उचित व्यवस्थापनका लागि कार्यविधि निर्माण गर्न तपशिलका सदस्यहरु रहने गरि कार्यविधि मस्यौदा तयार समिति गठन गरियो ।

प्रमुख प्रशासकीय अधिकृत - संयोजक
सामाजिक विकास समिति संयोजक - सदस्य
छात्रावास समितिको तर्फबाट अध्यक्ष सहित २ जना - सदस्य
शिक्षा शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

६) एक विद्यालय एक नर्स संचालन सम्बन्धमा
प्रदेश नं ३ को सामाजिक विकास मन्त्रालयको मिति २०७६/०५/०२ को चलानी नं ४०० को १ विद्यालय १ नर्स कार्यक्रम अन्तर्गत तोकिएको मापदण्ड पुरा गरी छनोट गर्नुपर्ने हुँदा मापदण्ड अनुसार वडा नं ५ स्थित दिवाकर स्मृति विद्यालय छनोट गरि सामाजिक विकास मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

७) जगन्नाथपुरी नगर स्वास्थ्य केन्द्रको संरक्षण सम्बन्धमा
वडा नं ७ देबेन्द्रपुरमा निर्माणाधिन जगन्नाथपुरी नगर स्वास्थ्य केन्द्रको भवन तथा जग्गा को संरक्षणका लागि तत्काल वाल निर्माण गर्नुपर्ने भएकोले प्राविधिक शाखालाई तत्काल ईस्टिमेट गरि कार्य संचालन गर्न निर्देशन दिने निर्णय गरियो ।

८) सुरक्षित गर्भपतन सेवा संचालन अनुमति सम्बन्धमा
बघौडा अस्पतालमा सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउनका लागि दक्ष जनशक्ति उपलब्ध भएकाले प्रचलित ऐन नियम र कानुन अनुसार सुरक्षित गर्भपतन सेवा संचालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

९) तयार भएका माछापोखरी संचालन तथा नयाँ पोखरी खन्नका लागि लिजमा जग्गा उपलब्ध गराउने सम्बन्धमा
माडी नगरपालिकाले तयार गरेको माछापोखरी संचालनका लागि ईच्छुक व्यक्ति, समुह वा कम्पनी लाई न्यूनतम प्रति विगाहा रु ७०,०००।- (सत्तरी हजार मात्र) नघट्ने गरी कोटेसन माग गर्ने निर्णय गरियो । र सबैभन्दा बढी दररेट दिन सक्नेसँग सम्झौता गरी निर्माण भएका पोखरीमा माछापालनका लागि अनुमति दिने निर्णय गरियो । साथै सार्वजनिक जग्गामा पोखरी खनि माछापालन गर्न ईच्छुकलाई प्रति विगाहा न्यूनतम रु २०,०००।- नघट्ने गरी कोटेसन पेश गर्न आवेदन आव्हान गर्ने निर्णय गरियो ।

१०) आन्तरिक लेखा परिक्षण सम्बन्धमा
गत आ.व. ०७५/७६ को यस कार्यालयको आन्तरिक लेखा परिक्षण कार्य गरिदिनु हुनका लागि को.ले.नि.का. चितवनलाई अनुरोध गर्ने निर्णय गरियो ।

११) माछापोखरी भोगाधिकार सम्बन्धमा
वडा नं ९ मा विद्यालयका लागि खनिएको माछापोखरीको संचालन तथा व्यवस्थापन गर्न कृष्णनगर मावि, कृष्णनगरलाई अर्को निर्णय नभएसम्मका लागि भोगाधिकार गर्न दिने निर्णय गरियो ।

१२) जनता आवास कार्यक्रम सम्बन्धमा
वि.सं. २०६४ सालभन्दा अघि बसाइसराई गरी माडीमा आएको माडी नगरपालिकाको सिफारिसमा नागरिकता प्राप्त गरेको तथा माडी नगरपालिकाको मतदाता नामावलिमा नाम समावेश भएको बाहेक अन्यका हकमा माथिल्लो निकायबाट अन्यथा निर्णय नभएको अवस्थामा जनता आवास कार्यक्रम लागू नहुने निर्णय गरियो ।

१३) स्पेशिफिकेसन स्विकृत गर्ने सम्बन्धमा
माडी नगरपालिकाको लागि १ वडा हलुका सवारी र २ वटा ट्रिपर खरिद गर्नका लागि जलस्रोत तथा सिंचाई विभागबाट तयार पारिएको संलग्न स्पेशिफिकेसन स्विकृत गरियो साथै उक्त स्पेशिफिकेसन बमोजिम खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।